मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

**धनुषा र महोत्तरी जिल्लामा खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्न गैर सरकारी संघ संस्थाहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/०२/०५)

यस कार्यालयको चालू आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रम अन्तर्गत खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त क्षेत्रमा ख्याती प्राप्त अनुभवी एवं विशेषज्ञता हासिल गरेका प्रचलित कानून बमोजिम दर्ता भएको र सार्वजनिक खरिद नियमावली २०६४ (छैठो संसोधन)को नियम १८ बमोजिमको मौजुदा सुचिमा समावेश भएका गैरसरकारी संस्थाहरुका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नहुन सूचित गरिन्छ।

<u>प्रस्तावसंग पेश गर्नु पर्ने कागजातहरुको प्रतिलिपि</u>

१) नियमानुसार सरकारी निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र वा यस मन्त्रालयको मौजुदा सूचीमा सूचीकृत प्रमाण

२) आन्तरिक राजश्व कार्यालयबाट जारी भएको पान नं. वा मु.अ.कर दर्ता प्रमाणपत्र

३) आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र लेखा परीक्षण प्रतिवेदन

४) संस्था कालोसूचीमा नपरेको व्यहोरा संस्था प्रमुख स्वंय घोषणा गरेको पत्र

५) संस्थाको विधानमा भएको उद्देश्य र प्रस्तावित कार्यकम बीच तालमेल भएको हुनु पर्ने

६) खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रम कम्तीमा ५ वटा संचालन गरेको अनुभव हुनु पर्ने

७) कर कट्टी लगायत अन्य विषयहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ

मधेश प्रदेश सरकार

# ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय

जनकपुरधाम, धनुषा,नेपाल

८) यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात २०८२/०२/१९ गते सम्म कार्यालय समयभित्र पेश गर्नु पर्नेछ। उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता हुनु पर्नेछ

९) दर्ता भएका सबै प्रस्तानहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपलट कार्यालयका प्रतिनिधि र प्रस्तावदाताका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा प्रस्ताव खोल्न कार्यालयलाई बाधा पर्ने छैन।

# १. कार्यक्षेत्रगत शर्त

## १. कार्यक्रमको नाम:

धनुषा र महोत्तरी जिल्लामा खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रम

## २. पृष्ठभूमि

नेपालको संविधानले खानेपानी, सरसफाइ तथा स्वच्छतालाई मौलिक हकको रुपमा राखेको छ भने खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा ऐनले खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा निर्धारित गरेको लक्ष्य प्राप्तिका लागि मार्गदर्शन प्रदान गरेको छ भने नेपालले । खानेपानी, सरसफाइ तथा स्वच्छता तीनै तहका सरकारको अधिकारको साझा सूची अन्तर्गत रहेको छ । आधारभूत तहको खानेपानी र सरसफाइको जिम्मेवारी स्थानीय सरकार अन्तर्गत रहेको छ भने मध्यम तहको प्रदेश सरकार अन्तर्गत रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन र खानेपानी तथा ढल व्यवस्थापन विभागको अद्यावधिक तथ्यांक अनुसार आधारभूत खानेपानीमा ९४.९३ प्रतिशतको पहुँच पुगेको देखिन्छ भने आधारभूत सरसफाइमा ९५.५ प्रतिशत घरधुरीको पहुँच छ ।नेपालको कूल सरसफाइ कभरेज ९५.५ प्रतिशत भए पनि तराई मधेशका स्थानीय तहमा सरसफाइ कभरेज अहिले पनि निकै चिन्ताजनक रहेको छ ।

## ३. तालिमको आवश्यक्ता

पालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) मा उल्लेख भए अनुसार मधेश प्रदेशका स्थानीय तहमा न्यूनतम सरसफाइ कभरेज ५२ प्रतिशतसम्ममात्र रहेको छ ।मधेश प्रदेशका ४० भन्दा बढी स्थानीय तहको सरसफाइ कभरेज ८० प्रतिशत भन्दा कम रहेको छ । चर्पी प्रयोग नगर्ने दर समेत मधेश प्रदेशमा सबैभन्दा बढी रहेको छ । अन्य प्रदेशमा औसत ५ देखि ७ प्रतिशत रहँदा मधेशमा २० प्रतिशतसम्म रहेको छ ।संस्थागत सरसफाइ कभरेज सुधारोन्मुख भए पनि सन्तोषजनक भने छैन । सन् २०१९ मा संस्थागत सरसफाइको पर्याप्तता ७ प्रतिशत रहेकोमा अहिले २० प्रतिशत पुगेको छ । यसैगरी, करिब ५ प्रतिशत विद्यालयमा मात्र तीन तारा सरहको खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधा रहेको छ ।

४. तालिमको उद्देश्य

धनुषा र महोत्तरी जिल्लामा संचालित हुने खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रमको मुख्य उद्देश्य धनुषा र महोत्तरी जिल्लामा खानेपानी सरसफाई तथा स्वच्छताको स्तर उकास्ने रहेकोमा अन्य उद्देष्यहरु निम्न बमोजिम रहेका छन् ।

- घरेलु, स्कुल र समुदाय स्तरमा स्वच्छ खानेपानीको प्रयोग र पानी शुद्धीकरण सम्बन्धी प्रविधि सम्बन्धी जानकारी र सचेतना अभिबृद्धि गर्न ।
- घरेलु, स्कुल र समुदाय स्तरमा चर्पी निर्माण र यसको उचित प्रयोग र व्यवस्थापन सहित वातावरणीय सरसफाई तथा स्वच्छता सम्वन्धी जनचेतना अभिवृद्धि गर्न ।
- ग्रामीण र सहरी क्षेत्रका बासिन्दालाई पानीको सदुपयोग, सरसफाई व्यवस्थापन र रोग नियन्त्रणका उपायहरूबारे शिक्षा दिन।
- खानेपानी तथा सरसफाईमा जलवायु परिवर्तनको असरबारे सचेतना र समुदाय स्तरमा जलवायु परिवर्तनको असर संग अनुकूलन सम्वन्धी जनचेतना अभिवृद्धि गर्न।
- खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रमा विपद व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्न।

५. मुख्य गतिविधिहरू (कार्यक्षेत्र):

१. सामुदायिक जागरूकता अभियानः

- गाउँ र टोलमा सभा, प्रशिक्षण र छलफल कार्यक्रम आयोजना।
- स्वच्छ पानीको महत्त्व, हात धुने बानी, र शौचालयको उपयोगबारे शिक्षा।
- खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रमा आउन सक्ने प्राकृतिक विपद सम्बन्धी जानकारी दिने
- प्राकृतिक विपद व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने

२. विद्यालय आधारित कार्यक्रमः

- विद्यार्थी र शिक्षकहरूलाई स्वच्छता र जल संरक्षणको शिक्षा।
- "हात धुन र स्वच्छता क्लब" गठन गरी विद्यालयमा सरसफाई अभियान।

जल, सिँचाइ तथा खानेपानी मन्त्रालय
मधेश प्रदेश सरकार
जनकपुरधाम, धनुषा, नेपाल

३.प्रशिक्षण र क्षमता विकासः

- स्थानीय स्वास्थ्यकर्मी, महिला समूह र युवाहरूलाई स्वच्छता प्रवर्धनको लागि प्रशिक्षण।
- पानी शुद्धिकरण, वर्षाजल संग्रह र उचित व्यवस्थापनका उपायहरू सिकाइने।
- जलवायु परिवर्तनको असर संग अनुकूलन हुने गरी खानेपानी स्रोतको संरक्षण र खानेपानीको सदुपयोग सिकाइने ।

४.स्वच्छता सामग्री वितरणः*

- गरिब र पिछडिएका समुदायलाई कम लागतको शौचालय निर्माण सम्बन्धी तालिम र स्वच्छता सम्बन्धी बानी बारे सिकाइने ।

५. मिडिया र सूचना प्रवर्धनः

- रेडियो, स्थानीय टेलिभिजन र सोशल मिडियामा स्वच्छतासम्बन्धी सन्देश प्रसारण।
- पोस्टर, फ्लायर र वाल पेण्टिङद्वारा जनचेतना अभियान।

६.अपेक्षित प्रतिफल (**Expected output)**

- सुरक्षित खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि अभ्यास तथा प्रयोग गर्ने जनसंख्यामा बृद्धि
- विद्यालय तथा स्वास्थ्य संस्थामा सचेत युवा जनशक्तिमा विकास
- बर्षामा लाग्ने पानीजन्य रोग तथा संक्रमणमा सुधार
- सरोकारवालाहरु बिचको सम्बन्ध र सामुहिकतामा अभिबृद्धि
- खुला दिसा मुक्त (ODF) समुदाय बनाउने प्रयास।
- जल संरक्षण र स्वच्छताको बानी विकास।

७. कार्यक्रमको समय सिमा

यस कार्यक्रमको अपेक्षित समय सम्झौता भएको मिति २०८२ जेष्ठ २५ गते देखि २०८२ असार २० सम्म हुने छ । साथै २०८२/०३/२३ गते सम्पूर्ण प्राविधिक तथा आर्थिक प्रतिवेदन, बिल भरपाइ यस मन्त्रालयको खानेपानी तथा सरसफाई महाशाखामा बुझाइ सक्नु पर्नेछ।

मधेश प्रदेश सरकार
ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

## ८. आवश्यक जनशक्ति

१. कार्यक्रम सयोजक २ जना- (प्रत्येक जिल्लामा एक एक वटा)
योग्यता- कम्तिमा समाजशास्त्र वा व्यवस्थापनमा स्नातक गरेको र खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको अनुभव भएको ।

२. प्रशिक्षक ४ जना - (प्रत्येक जिल्लामा दुई दुई वटा)
योग्यता- समाजशास्त्र वा व्यवस्थापन वा सम्बन्धित विषयमा मा स्नातकोत्तर गरेको र खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको अनुभव भएको

३. प्रतिवेदक २ जना (प्रत्येक जिल्लामा एक एक वटा)
योग्यता- कम्तिमा +२ गरेको ।

४. सहयोगी कर्मचारी ४ जना-(प्रत्येक जिल्लामा दुई दुई वटा)

## ९.छनौट प्रकिया

योग्यता तथा अनुभव

- खानेपानी सरसफाइ तथा स्वच्छताको क्षेत्रमा ५वर्षको अनुभव भएको ।
- विभिन्न स्तरमा कार्यक्रमहरु संचालन गरी सफालता पूर्व सम्पन्न गरेको प्रमाण भएको ।
- प्रर्याप्त जनशक्ति र संजाल भएको।
- स्थानीय स्तर र स्थानीय भाषामा कार्यक्रमहरु संचालन गरेको अनुभव भएको ।

## १०. प्रस्तावसंग पेश गर्नु पर्ने कागजातहरुको प्रतिलिपि

- नियमानुसार सरकारी निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र वा यस मन्त्रालयको मौजुदा सूचीमा सूचीकृत प्रमाण
- आन्तरिक राजश्व कार्यालयबाट जारी भएको पान नं. वा मु.अ.कर दर्ता प्रमाणपत्र
- आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र लेखा परीक्षण प्रतिवेदन
- संस्था कालोसूचीमा नपरेको व्यहोरा संस्था प्रमुख स्वंय घोषणा गरेको पत्र
- संस्थाको विधानमा भएको उद्देश्य र प्रस्तावित कार्यकम बीच तालमेल भएको हुनु पर्ने

- खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रम कम्तीमा ५ वटा संचालन गरेको अनुभव हुनु पर्ने
- कर कट्टी लगायत अन्य विषयहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ
- विस्तृत कार्यपत्रका साथै आर्थिक प्रस्ताव
- सम्पर्क व्यक्तिको सम्पूर्ण विवरण
- पछिल्लो लेखा परिक्षण विवरण

११. आर्थिक प्रतिवेदन फर्मेट

| क्र.स | क्रियाकलाप | दिन | इकाई | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Human resource (HR) | २५ | Manday | | | |
| २ | Community Awareness Campaign | १० | session | | | |
| ३ | BCC/IEC Materials (Posters, Flyers) | ३०० | nos | | | |
| ४ | School-Based Programs | १० | school | | | |
| ५ | Training & Capacity Building | ५ | session | | | |
| ६ | Media Campaign | २५ | spot | | | |

१२. प्रतिवेदनका र भुक्तानीका शर्तहरू:

तालिमपछि विस्तृत प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ

- फोटो/भिडियो रेकडिङ्ग
- सहभागी सूची,
- हाजिरी, उपस्थिती खुल्ने विवरण,
- तालिमका सहभागिहरूको नागरिकताको प्रतिलिपी,
- प्रशिक्षकको  शैक्षिक योग्यता र तालिम, अनुभव प्रमाणितहुने काजगातको प्रतिलिपी,
- सहभागिको पृष्ठपोषण सहितको प्रतिवेदन
- प्रशिक्षकको पारिश्रमिक र होटल बिल आदी बैंङ्कीग प्रणालीबाट भुक्तानी भएको कागजात
- VAT बिल

## मधेश प्रदेश सरकार

# ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय

## जनकपुरधाम, धनुषा,नेपाल

## धनुषा र महोत्तरी जिल्लामा खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्न गैर सरकारी संघ संस्थाहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०२/०५)**

यस कार्यालयको चालू आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रम अन्तर्गत खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त क्षेत्रमा ख्याती प्राप्त अनुभवी एवं विशेषज्ञता हासिल गरेका प्रचलित कानून बमोजिम दर्ता भएको र सार्वजनिक खरिद नियमावली २०६४ (छैठो संसोधन)को नियम १८ बमोजिमको मौजुदा सुचिमा समावेश भएका गैरसरकारी संस्थाहरुका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नहुन सूचित गरिन्छ।
सम्बन्धित कार्यको कार्य सुची र प्रस्तावसंग पेश गर्नु पर्ने कागजातहरुका लागि यस मन्त्रालयको वेब साइट mowsed.madhesh.gov.np मा हर्नु होला।